


## परिवर्तनकारीहरुको अर्को पुस्तालाई सशक्त बनाउने:

# GHAR युवा जागरण कार्यक्रम २०२५

यो कार्यक्रम ९ वर्ष र सो भन्दा माथिका सबै विद्यार्थीहरुका लागि खुला छ जो GHAR **युवा जागरण** राजदूतको रूपमा नेतृत्वदायी भूमिकामा पाइला टेक्न तयार हुनेछन। युवा नेतृत्वको पहल मार्फत, राजदूतहरुले GHAR को टोलीको सहयोगमा गर्मीको तनाव र मृगौला स्वास्थ्यको बारेमा जागरुकता प्रवर्द्धन गर्ने, र आप्रवासी कामदार फर्केकाहरुमा मृगौला प्रत्यारोपण हेरचाहको लागि सहयोग गर्ने लक्ष्य राख्नेछन। कार्यक्रम भरि, सहभागीहरुले कार्यक्रम योजना र वकालतमा बहुमूल्य सीपहरु निर्माण गर्दै मृगौला रोग र गर्मी सम्बन्धित जोखिमहरुको बारेमा  सर्व साधारणलाई जानकारी गराउने छन्। सहकार्य र वृद्धिलाई प्रोत्साहन गर्न, उनीहरुलाई नियमित परामर्श र साथीहरुको चेक-इन मार्फत सहयोग गरिनेछ।

दर्ता गर्ने अन्तिम मिति: **बुधबार, ३० जुलाई, २०२५ (श्रावन १४, २०८२)**

आमन्त्रित गरिएको वर्ग: **९ वर्ष र सो माथिका विद्यार्थीहरुलाई**

दर्ता गर्ने लिङ्क:**युवा जागरण**

---

## GHARको बारेमा

GHAR एक गैर नाफामुखी संस्था हो जसले अत्याधिक गर्मीको स्वास्थ्य प्रभावलाई सम्बोधन गर्दछ, विशेष गरी गर्मीको तनावका कारण हुने मृगौला विफलताको खतरनाक वृद्धिमा केन्द्रित छ। GHAR विश्वका केही तातो भागहरुमा नेपाली आप्रवासी कामदारहरुको सुरक्षाका लागि काम गर्दछ। GHAR को मुल वकालत **स्वस्थ जाऔं-स्वस्थ फर्कौं** हो ।

हाम्रा प्रयासहरु नीति वकालत, ग्रासरुट शिक्षा, र सम्बद्ध संस्थाहरु सँगको साझेदारीमा केन्द्रित छन। विगत दुई वर्ष देखि, GHARले यो महत्वपूर्ण मुद्दालाई उचाल्न, निति निर्माताहरु र परिवर्तनकर्ताहरु सँग प्रत्यक्ष रुपमा काम गरिरहेको छ।

**हाम्रो #AfaiNayak पहल:**

हाम्रो अर्को पहल #AfaiNayak तपाईंको आफ्नै यात्राको नायक बन्नुहोस मार्फत हामी नेपालको लागि जलवायु पाठ्यक्रम पनि विकास गर्नेछौं, जुन जिल्ला विद्यालयहरुमा प्रसारित गरिनेछ, स्वस्थ भविष्यको लागि उपकरण र जागरुकता सहित। अन्तिम लक्ष्य आप्रवासी जनसंख्या हाम्रा बच्चाहरु सम्म पुग्नु हो।




हाम्रो #AfaiNayak अभियानका प्रथम राजदूतहरु **सुरेन्द्र तामाङ** र **सागर तामाङ**, दुई साहसी व्यक्ति हुन, जसले मिर्गौला फेल भएका कारण जीवनदायी हेमोडायलिसिस प्राप्त गरिरहेका छन। हामी उनीहरूको यात्रामा सहयोग गर्ने लक्ष्य राख्दछौं । डायलाइसिस देखि प्रत्यारोपण, स्वास्थ्य लाभ र अन्ततः सशक्त र समाजका योगदायी सदस्यहरूको रूपमा पुनः एकीकरण।

---

**युवा जागरण कार्यक्रम २०२५** को अन्त्यमा एउटा भर्चुअल प्रदर्शनको साथ कार्यक्रम समाप्त हुनेछ, जहाँ युवा राजदूतहरूले आफ्ना पहलहरू प्रस्तुत गर्नेछन र आफ्नो योगदानको प्रभाव जनाउनेछन।

सबै भन्दा अर्थपूर्ण पहलहरूले बम्पर पुरस्कारहरू प्राप्त गर्नेछन:

- **प्रथम पुरस्कार** US$ १०००
- **दोस्रो पुरस्कार** US$ ५००
- **तेस्रो पुरस्कार** US$ २५०

यस प्रेरणादायी यात्राको हिस्सा बन्ने मौका नगुमाउनुहोस ....परिवर्तनको लहर GHAR युवा राजदूत बन्नुहोस ।

---

- **GHARको बारेमा अधिक जानकारी:** LinkTree
- **GHAR परिवारको बारेमा अधिक जानकारी:** Video PDF

---

तपाईंलाई स्वागत गर्न हामी तत्पर छौं ।

**GHAR परिवार**